# आर्थिक वर्ष २०८२।०८३

# को बजेट बक्तव्य

## २०८२

**खिजीदेम्वा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खिजीफलाटे, ओखलढुङ्गा**

**कोशी प्रदेश, नेपाल**

Email :info@khijidembamun.gov.np

Khijeedembarm2073@gmail.com

Website: www.khijidembamun.gov.np

**सभाध्यक्ष महोदय,**

आज मिति २०८२ साल असार १० गते म यस गाउँपालिकाको उपाध्यक्षको हैसियतले श्रीमान् गाउँपालिका अध्यक्षज्यूको निर्देशन बमोजिम यस गरिमामय खिजीदेम्वा गाउँ सभाको अठारौं अधिवेशनमा गाउँपालिकाले आगामी आर्थिक बर्षको लागि तय गरेको राजश्व तथा व्ययको अनुमान प्रस्तुत गर्न उभिएको छु ।यस गौरवपूर्ण क्षणमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका खातिर विभिन्न कालखण्डमा भएका ऐतिहासिक जनआन्दोलन तथा घटनाहरुमा बलिदानी पूर्ण जीवन उत्सर्ग गर्नुहुने ज्ञात– अज्ञात शहिदहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दछु ।

जनताको सार्वभौम मतबाट विभिन्न पदमा निर्वाचित भई आएका हामी निर्वाचित पदाधिकारीहरुले यस खिजीदेम्वा गाउँपालिकामा मितव्ययी, विवेकपूर्ण, प्रभावकारी र जनउत्तरदायी रुपमा स्रोतको परिचालन गर्नुपर्दछ भन्ने मान्यताका साथ बजेट तर्जुमा गरिएको छ । संविधानले व्यवस्था गरे अनुसारका नागरिकका मौलिक हक र सर्वसाधारणहरुको कल्याणका लागि नागरिकहरुलाई प्रभावकारी सार्वजनिक सेवा प्रवाहमा ध्यान दिएको छु।

**सभाध्यक्ष महोदय,**

**सभाका सदस्य ज्यूहरु,**

अब म गाउँपालिकाको चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्था संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आर्थिक बर्ष २०८१/०८२ को अन्त्य सम्ममा

संघीय वित्तीय समानीकरण अनुदान रु. ७ करोड ८३ लाख, संघीय समपूरक अनुदान ५० लाख, संघीय राजश्व बाँडफाँड रु. ८ करोड २१ लाख , संघीय सशर्त अनुदान चालु तर्फ रु १७ करोड २६ लाख ०६ हजार र संघीय सशर्त पुँजीगत ४० लाख ९६ हजार गरी कुल १७ करोड ६७ लाख ०२ हजार त्यसैगरी कोशी प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान रु. ४४ लाख ८० हजार, प्रदेशबाट प्राप्त हुने सवारी साधन कर ३३ लाख ०२ हजार, प्रदेश सशर्त अनुदान चालु तर्फ ३९ लाख ०६ हजार र प्रदेश सशर्त पुँजीगत तर्फ रु. ५० लाख ३८ हजार गरी कूल ८९ लाख ४४ हजार तथा प्रदेश समपूरक अनुदान रु. १ करोड र गाउँपालिकाको आन्तरिक श्रोत १ करोड ०६ लाख ६९ हजार गरी कूल रु. ३७ करोड ९४ लाख ९७ हजार बजेट अनुमान गरिएको थियो जसमध्ये संघीय वित्तीय समानिकरण अनुदान बाट ७ करोड १८ लाख ४८ हजार ८० रुपैयाँ, संघीय राजस्व बाँडफाँड बाट रु.

७ करोड ८० लाख ८० हजार ८ सय ५१ रुपैयाँ, प्रदेश राजश्व बाँडफाँड बाट रु. ३५ लाख ८३ हजार ६ सय ७२ रुपैयाँ र आन्तरिक राजश्व तर्फ रु. ४४ लाख ४५ हजार ३ सय ६० रुपैयाँ प्राप्त भएको छ । आन्तरिक आम्दानी समेत लक्ष्य अनुरुप संकलन भएको छैन ।

**सभाध्यक्ष महोदय,**
**सभाका सदस्य ज्यूहरु,**

अब म गाउँपालिकाको अर्थतन्त्रसँग सम्बन्धित प्रमुख चुनौतीहरु राख्ने अनुमति चाहन्छु ।

- कृषि तथा पशु क्षेत्रलाई आधुनिकीकरण र व्यवसायीकरण गर्न सकिएको छैन । यस क्षेत्रमा युवाको आकर्षण बढ्न सकेको छैन। रोजगारीका लागि विदेश जाने प्रवृत्ति बढेको छ ।
- पूर्वाधार क्षेत्रमा गरिने लगानीलाई आर्थिक क्रियाकलाप विस्तार र उत्पादन वृद्धिमा योगदान पुग्ने गरी प्रत्यक्ष रुपमा जोड्न सकिएको छैन ।
- बजेटको विनियोजन कुशलता र कार्यान्वयन दक्षतामा अपेक्षित रुपमा सुधार हुन नसक्दा निर्धारित समय, लागत र गुणस्तरमा सम्पन गर्ने कार्य चुनौतिपूर्ण हुने गरेको छ।
- बजेटमा चालु खर्चको हिस्सा बढदै जाँदा पुँजीगत विनियोजनमा दबाब बढ्दै गएको छ। गाउँपालिकाले करको दायरा विस्तार गर्न नसक्दा गाउँपालिकाको वित्तीय स्रोत व्यवस्थापनमा अपेक्षित सुधार हुन सकेको छैन ।

**सभाध्यक्ष महोदय,**
**सभाका सदस्य ज्यूहरु,**

- माथि उल्लेखित चुनौतिलाई आत्मसात गर्दै गाउँपालिकासँग रहेको सीमित वित्तीय स्रोतलाई प्रतिफलयुक्त क्षेत्रमा केन्द्रित गरी गाउँपालिकाको अर्थतन्त्रको विस्तार र आर्थिक अवसर सिर्जना गर्न सघाउ पुग्ने गरी बजेट तर्जुमा गर्ने कोसिस गरेको छु।
- चालु खर्चलाई वाञ्छित सिमाभित्र राख्ने तथा विनियोजन कुशलता र कार्यान्वयन दक्षता अभिवृद्धि गर्ने उद्धेश्यका साथ बजेट प्रणालीमा सुधारको प्रयास गरेको छु।
- नेपालको संविधान, दिगो विकासको लक्ष्यहरु, नेपाल सरकारको सोह्रौं योजना, कोशी प्रदेश सरकारको दोस्रो आवधिक योजना, खिजीदेम्वा गाउँपालिकाको आवधिक योजना, यस गाउँपालिकाको ऐन, नियम तथा कार्यविधिहरु, यस गरिमामय सभाबाट पारित खिजीदेम्वा गाउँपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम एवं प्राप्त सुझावलाई मार्गदर्शनको रुपमा लिएको छु । राजनीतिक दल, विद्वत्त वर्ग, संघसंस्था लगायतका नागरिकहरुबाट प्राप्त सुझावलाई समेत बजेट तर्जुमाको आधार बनाएको छु ।

**सभाध्यक्ष महोदय,**

**सभाका सदस्य ज्यूहरु,**

अब म आगामी आर्थिक वर्षको बजेटका उद्देश्य र प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु। बजेटका उद्धेश्यहरु देहाय बमोजिम रहेका छन्।

- सामुदायिक शिक्षाको गुणस्तर अभिवृद्धि मार्फत दक्ष मानव पूँजीको निर्माण गर्ने,
- आधारभूत स्वास्थ्य सेवालाई नागरिकको पहुँचयोग्य साथै गुणस्तरीय बनाउने,
- कृषि तथा पशु क्षेत्रको विकास मार्फत उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्ने,
- पूर्वाधार क्षेत्रको विकास मार्फत अर्थतन्त्रलाई चलायमान बनाउने,
- गुणस्तरीय सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन गर्ने,

माथि उल्लेखित उद्धेश्य प्राप्त गर्न देहायका प्राथमिकता निर्धारण गरेको छु ;

१) शिक्षा, स्वास्थ्य लगायत सामाजिक क्षेत्रको विकास

२) गुणस्तरीय पूर्वाधार निर्माण

३) कृषि तथा पर्यटन क्षेत्रको विकास

४) उद्यमशीलता विकास र उत्पादनशील रोजगारी

५) सेवा प्रवाह, सुशासन तथा समावेशी विकास

६) वन, वातावरण र विपद व्यवस्थपान ।

**सभाध्यक्ष महोदय,**

**सभाका सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक वर्षको क्षेत्रगत कार्यक्रम र बजेट विनियोजन पेश गर्ने अनुमती चाहन्छु ।

**<u>कृषि विकास :</u>**

- अर्गानिक गाउँपालिका घोषित गर्नका लागि रु.५ लाख बजेट विनियोजन गरेको छु ।
- गाउँपालिकाको नीति तथा कार्यक्रम अनुसार जैविक ~~मल~~ प्रवर्द्धन कार्यक्रमको लागि रु.४ लाख विनियोजन गरेको छु ।
- प्रस्तुत भएको नीति तथा कार्यक्रमलाई ध्यानमा राखि कफि खेती प्रवर्द्धन कार्यक्रमको लागि रु.४ लाख, कृषिमा ब्याज अनुदानको लागि रु.६ लाख, कृषि बीउबिजनका लागि रु.५ लाख तथा जैविक विषादी खरिदको लागि रु.५ लाख विनियोजन गरेको छु ।

Gambu Sherpa
Chairperson

पशु विकास :

- पशुपंक्षीको लागि निशुल्क औषधि वितरणको लागि रु.५ लाख बजेट विनियोजन गरेको छु ।
- रेबिज रोग विरुद्ध खोप कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

सभाध्यक्षज्यू,

शिक्षा युवा तथा खेलकुद:

- खिजीदेम्बा गाउँपालिकाको स्थानीय पाठ्यपुस्तक छपाईको लागि रु.८ लाख बजेट विनियोजन गरेको छु ।
- गाउँपालिकाको शिक्षा क्षेत्रको विकास र शैक्षिक गुणस्तर वृद्धि गर्नको लागि शैक्षिक कार्यक्रम तथा शिक्षक व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- विद्यार्थीको अन्तर्निहित प्रतिभा प्रस्फुटनको लागि राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता तथा अन्य खेलकुद कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- मातृभाषा शिक्षकको तलब भत्ताको लागि रु.५ लाख विनियोजन गरेको छु ।
- बालविकास सहजकर्ता र विद्यालय कर्मचारीको थप तलब भत्ताको लागि रु.६० लाख विनियोजन गरेको छु ।
- राष्ट्रपति रनिङ्ग शिल्ड लगायत विभिन्न खेलकुद कार्यक्रमको निरन्तरताको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

पर्यटन प्रवर्द्धन र सम्पदा संरक्षण

- पर्यटनलाई बढवा दिन सुरी डाडाँ रक क्लाइम्बिङ्ग सेन्टरमा रुट विस्तार र अन्य आवश्यक पूर्वाधर निर्माणको लागि रु.१६ लाख विनियोजन गरेको छु।
- देम्बा डाँडाको प्रचार प्रसार र पूर्वधार विकासको लागि गल्फ खेलकुद र गल्फ महोत्सव कार्यक्रमलाई निरुन्तरता दिदै गल्फ महोत्सव कार्यक्रमको लागि रु.६ लाख बजेट विनियोजन्न गरेको छु।
- गाउँपालिका क्षेत्रभित्रका धार्मिक पर्यटकीय स्थल संरक्षण तथा प्रचार प्रसारको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**स्वास्थ्य तथा पोषण**

- स्वास्थ्य संस्थाहरु संचालन तथा व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- सामुदायिक स्वास्थ्य संस्थाहरुको लागि आबश्यक औषधी खरिद, स्वास्थ्य शिविर संचालन, पोषण कार्यक्रम लागायत अन्य स्वास्थ्य शिक्षा तथा व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- गाउँपालिका अन्तर्गत संचालनमा रहेका खिजीफलाटे आधारभूत अस्पताल, ग्रामीण आँखा केन्द्र संचालन, नागरिक आरोग्य केन्द्र संचालन, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका परिचालन तथा मनोसामाजिक परामर्श सेवा संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- गत आर्थिक वर्षमा शिविर मार्फत पहिचान भई पाठेघरको शल्यक्रिया गर्नुपर्ने महिलाहरुको शल्यक्रियामा सहयोगको लागि बजेट विनियोजन गरेको छु । साथै आँखा परीक्षण शिविर र मोतिविन्दुको शल्यक्रियाको लागि समेत बजेट विनियोजन गरेको छु ।
- मानसिक रोगीहरुको लागि निःशुल्क औषधी वितरण कार्यक्रमलाई निरन्तरता दिएको छु ।

**पूर्वाधार विकास**

- संघीय समपुरक अनुदान अन्तर्गत खिजीदेम्वा गाउँपालिका उमाकुण्ड गाउँपालिका हुँदै लिखु पिके गाउँपालिका जोड्ने सडकको लागि रु.१ करोड १० लाख विनियोजन गरेको छु ।
- त्यस्तै प्रदेश सरकारसँगको साझेदारीमा प्रदेश समपुरक अनुदान अन्तर्गत साझाबारी, चण्डीथान, चुली, महभिर हुदै मोलुङ गाउँपालिका जोड्ने सडक स्तरोन्नति कार्यलाई निरन्तरता दिदै रु.१ करोड २० लाख र धारापानी, ताउर, छेर्मादिङ, टुकसिन्दुक, झाप्रे सडक स्तरोन्नती कार्यलाई निरन्तरता दिदै रु.७३ लाख रकम विनियोजन गरेको छु ।
- साझावार सरकारको साझेदारीमा सञ्चालन हुने धारापानी, ताउर, छेर्मादिङ, टुकसिन्दुक, झाप्रे सडक स्तरोन्नति र साझाबारी, चण्डीथान, चुली, महभिर हुदै मोलुङ गाउँपालिका जोड्ने सडक स्तरोन्नति लाई कुल रु.३८ लाख ८५ हजार रकम विनियोजन गरेको छु ।

- गाउँपालिकाको प्रशासकीय भवन चालु आर्थिक वर्षमा निर्माण सक्ने गरी बजेट विनियोजन गरेको छु । साथै गाउँपालिकाको कार्यालय परिसर निर्माणको लागि समेत बजेट विनियोजन गरेको छु ।
- बिरामीहरुलाई तत्काल उद्धार गर्न सकिने गरी गाउँपालिकाको विभिन्न ८ स्थानमा रेष्क्यु हेलिप्याड निर्माणको लागि बजेट विनियोजन गरेको छु ।
- आवश्यकताको आधारमा गाउँपालिका क्षेत्रभित्रका सडक निर्माण तथा मर्मत, पहिरो नियन्त्रण र सामुदायिक भवन निर्माण गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- सात वटै वडाहरुका लागि प्रत्येक वडा रु.३० लाखका दरले रु.२ करोड ७० लाख विनियोजन गरेको छु ।
- गाउँपालिकासँग रहेको ब्याक हो लोडर मेशिन पुरानो भई मर्मतमा वर्षेनी ठुलो रकम खर्चिनु परेको अवस्थामा नयाँ ब्याक हो लोडर मेशिन खरिद गर्नको लागि रु. ५५ लाख विनियोजन गरेको छु ।
- अन्य प्रमुख पूर्वाधार योजना अन्तर्गत साल्मे सिरीवानी हुँदै ६ नं वडा जोड्ने सडकको लागि १५ लाख, पोल्थलीदेखी २ नं वडा कार्यालय जोड्ने सडकको लागि रु. १३ लाख र बुक्तेल टावर डाँडा सडकको लागि रु. १३ लाख बजेट विनियोजन गरेको छु ।

खानेपानी

- खिजीफलाटे बजार क्षेत्रको खानेपानीको अभाव पुरा गर्न बहुवर्षीय आयोजनाको रुपमा तोडमार खर्क खानेपानी आयोजनाको लागि ३ वर्षमा रु. ३ करोड खर्च गर्ने गरी चालु आर्थिक वर्षमा रु. ६९ लाख विनियोजन गरेको छु ।
- आवश्यकताको आधारमा गाउँपालिका क्षेत्रभित्रका स-साना खानेपानी निर्माण तथा मर्मत गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

सहकारी

- गाउँपालिका क्षेत्रभित्रका सहकारी संस्थाहरुको व्यवस्थापन तथा पदाधिकारीहरुको लागि क्षमता विकास गर्नको लागि रु. ३ लाख विनियोजन गरेको छु ।
- गाउँपालिका क्षेत्रभित्रका सहकारी संस्थाहरुको विज्ञ सहितको टोलीले सहकारी संस्थाहरुको प्रभावकारी अनुगमन, निरीक्षण तथा पृष्ठपोषणको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

## उद्योग तथा उद्यमशिलता

- उद्यम विकास तथा प्रवर्द्धन गर्न र उद्यमी प्रोत्साहान तथा प्रर्दशनीमा सहयोग गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- युवा उद्यमीहरुको लागि उद्यमशीलता तालिम, सिप विकास तालिम र आवश्यक उपकरण वितरणको लागि रु. ६ लाख बजेट विनियोजन गरेको छु ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

- गाउँपालिका क्षेत्रभित्रका आदिवासी जनजातिहरुको संस्कार, संस्कृती संरक्षण एवं सम्वर्द्धन गर्नको लागि तीन दिने खिजीदेम्बा आदिवासी जनजाति सांस्कृतिक महोत्सवको लागि रु.१२ लाख बजेट विनियोजन गरेको छु ।
- महिला, दलित, जनजाती, ज्येष्ठ नागरिक, एकल महिला र अपाङ्गता भएका व्यक्तिहरुको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- पालिकास्तरीय आमा समूह सञ्जाल परिचालन तथा क्षमता विकास कार्यक्रम (अन्य कुराहरुको अतिरिक्त ऐन कानून सम्बन्धी) को लागि रु.३ लाख बजेट विनियोजन गरेको छु ।

## सामाजिक सुरक्षा तथा संरक्षण

- सामाजिक सुरक्षा भत्ता वितरणलाई सहज वनाउन, सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

## कानुन तथा न्याय

- गाउँपालिकाको न्यायीक समिति व्यवस्थापन साथै न्यायिक समिति तथा मेलमिलापकर्ताको तालिम र प्रशिक्षणको लागि रु. ८ लाख विनियोजन गरेको छु ।
- कानुनी सेवा तथा परामर्श सहायताको लागि रु. ९ लाख बजेट विनियोजन गरेको छु ।

## मानव संशाधन विकास

- गाउँपालिकामा कार्यरत कर्मचारीहरुको क्षमता विकासको लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु ।
- कर्मचारी कल्याण कोषको लागि रु. ५ लाख विनियोजन गरेको छु ।

Gombu Sherpa
Chairperson

**कार्यालय संचालन तथा प्रशासनिक**

- गाउँपालिकाको प्रशासनिक खर्च, मसलन्द, छपाई, मर्मत संभार र दैनिक प्रशासन संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- प्राविधिक कर्मचारीले गाउँपालिकाबाट पाउँदै आएको फिल्ड भत्तालाई निरन्तरता दिएको छु ।
- वडा कार्यालय संचालनको लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

**सभाध्यक्षज्यू,**

आगामी आर्थिक बर्षका लागि कुल बजेट रु. ४१ करोड २८ लाख १० हजार बजेट विनियोजन गरेको छु । कुल विनियोजनमध्ये चालुतर्फ रु. २८ करोड ४२ लाख २० हजार अर्थात कुल बजेटको ६८.८५ प्रतिशत र पूँजिगत तर्फ रु. १२ करोड ८५ लाख ९० अर्थात कुल बजेटको ३१.१५ प्रतिशत विनियोजन गरेको छु ।

क्षेत्रगत रुपमा आर्थिक विकास तर्फ रु. २ करोड ५७ लाख ५० हजार, सामाजिक विकास तर्फ रु. ५ करोड ७७ लाख ५२ हजार, पूर्वाधार विकासतर्फ रु १८ करोड ८५ लाख, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ रु. १ करोड ३८ लाख ५० हजार र कार्यालय संचालन तथा प्रशासनिक तर्फ रु.१२ करोड ६९ लाख १४ हजार विनियोजन गरेको छु ।

आगामी आर्थिक वर्षमा अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट १ करोड ३४ लाख ७१ हजार, नेपाल सरकारबाट प्राप्त हुने समानीकरण अनुदान रु.८ करोड २ लाख, सशर्त अनुदान तर्फ रु. १८ करोड ८३ लाख ६२ हजार, विशेष अनुदान तर्फ रु. ६९ लाख, समपुरक अनुदान तर्फ रु. ५२ लाख गरी कुल रु.२९ करोड २१ लाख ३३ हजार रहेको छ ।

प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान रु. ६८ लाख ३४ हजार, सशर्त अनुदान ३९ लाख ८८ हजार, समपुरक अनुदान रु १ करोड ६० लाख रहेको छ । संघीय राजस्व बाँडफाँड तर्फ रु ८ करोड ६३ लाख ०७ हजार र प्रदेश सरकार राजस्व बाँडफाँड तर्फ रु. ५५ लाख ४७ हजार रहेको छ ।

प्रस्तुत बजेटले आर्थिक, सामाजिक तथा पूर्वाधार विकास मार्फत खिजीदेम्वा गाउँपालिकाको आवधिक योजनाले लिएको सोचलाई साकार पार्न सघाउ पुग्ने विश्वास लिएको छु ।समुन्नत

खिजीदेम्वा निर्माण गर्ने ध्येयकासाथ तयार गरिएको यो बजेट कार्यान्वयनमा सम्बन्धित सबैबाट रचनात्मक सहयोग प्राप्त हुने अपेक्षा गरेको छु ।

धन्यवाद !

सुशिला तामाङ्ग

उपाध्यक्ष

जय खिजीदेम्वा ।

रु. हजारमा

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन |
|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | १४००० |
| २ | पदाधिकारी पारिश्रमिक तथा सुविधा | ६६०० |
| ३ | कर्मचारी पोशाक | ७०० |
| ४ | कर्मचारी स्थानीय भत्ता | ८५० |
| ५ | कर्मचारीहरुको महंगी भत्ता | १५०० |
| ६ | कर्मचारीको बैठक/ अनुगमन भत्ता | ५०० |
| ७ | पुल हेरालु पारिश्रमिक | २०० |
| ८ | अन्य भत्ता | ५०० |
| ९ | पदाधिकारी बैठक भत्ता | ५०० |
| १० | पानी तथा बिजुली | ६०० |
| ११ | संचार महसुल, इन्टरनेट शुल्क तथा इन्टरनेट जडान सम्बन्धी सम्पुर्ण कार्य | ६०० |
| १२ | संचार महसुल | १५० |
| १३ | इन्धन (पदाधिकारी) | ५०० |
| १४ | इन्धन (कार्यालय प्रयोजन) गाडी, मोटरसाइकल, व्याक हो लोडर, एम्बुलेन्स तथा जेनेरेटर सहित | २५०० |
| १५ | सवारी साधन मर्मत खर्च (गाडी, मोटरसाइकल, व्याक हो लोडर तथा एम्बुलेन्स सहित) | ४००० |
| १६ | सवारी साधन मर्मत खर्च दायित्व भुक्तानी | १००० |
| १७ | सवारी साधन बिमा तथा नवीकरण खर्च | ७०० |
| १८ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ४०० |
| १९ | मसलन्द तथा कार्यालय सामाग्री | १५०० |
| २० | पुस्तक तथा सामग्री खर्च | २०० |
| २१ | इन्धन - अन्य प्रयोजन | १०० |
| २२ | पत्रपत्रिका, छपाई, सूचना प्रकाशन तथा बोलपत्र आव्हान सुचना प्रकाशन खर्च | ७०० |
| २३ | अन्य कार्यालय संचालन खर्च | २०० |
| २४ | सेवा र परामर्श खर्च | ५०० |
| २५ | करार सेवा शुल्क | १७००० |
| २६ | कर्मचारीहरुको क्षमता अभिवृद्धि सम्बन्धी तालिम | ५०० |
| २७ | कर्मचारी कल्याण कोष | ५०० |
| २८ | न्यायिक समिती तथा मेलमिलापकर्ताको तालिम, प्रशिक्षण तथा व्यवस्थापन खर्च | ८०० |
| २९ | अन्तरपालिका खेलकुद सहभागिता तथा प्रशिक्षण कार्यक्रम | १००० |
| ३० | पालिका भित्रका माध्यमिक विद्यालयहरुलाई अतिरिक्त क्रियाकलाप र राष्ट्रपति रनिङ शिल्ड तयारीको लागि अनुदान | ७०० |
| ३१ | पालिकातरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद कार्यक्रम | ६०० |
| ३२ | राष्ट्रपति रनिङ शिल्ड खेलकुद कार्यक्रममा छनौट भएका खेलाडीहरुलाई जिल्लामा सहभागिता गराउनको लागी व्यवस्थापन खर्च | ४०० |
| ३३ | करुणा फाउण्डेशनको साझेदारीमा अपाङ्गता कार्यक्रम समपुरक | १३७४ |
| ३४ | अनुगमन, मूल्यांकन तथा भ्रमण खर्च कर्मचारी | १५०० |
| ३५ | अनुगमन, मूल्यांकन खर्च तथा भ्रमण खर्च जनप्रतिनिधी | ५०० |
| ३६ | भ्रमण खर्च | ३०० |
| ३७ | विविध खर्च | १३०० |
| ३८ | सभा सञ्चालन खर्च | ५०० |

| | | |
|---|---|---|
| ३९ | विपद व्यवस्थापन कोष | १२०० |
| ४० | आर्थिक सहायता तथा उपचार खर्च | ६०० |
| ४१ | घरभाडा | ६०० |
| ४२ | सवारी साधन तथा मेशिनर औजार भाडा | ६०० |
| ४३ | १ नं वडा सञ्चालन खर्च (अतिथि सत्कार, खाना, मसलन्द तथा कार्यालय सामाग्री, वडा कार्यालयमा कार्यरत कर्मचारीको दैनिक भ्रमण भत्ता, वडाको सवारी साधन मर्मत खर्च, इन्धन खर्च, खाजा खर्च लगायत अन्य भैपरी खर्च समेत) | ४०० |
| ४४ | २ नं वडा सञ्चालन खर्च (अतिथि सत्कार, खाना, मसलन्द तथा कार्यालय सामाग्री, वडा कार्यालयमा कार्यरत कर्मचारीको दैनिक भ्रमण भत्ता, वडाको सवारी साधन मर्मत खर्च, इन्धन खर्च, खाजा खर्च लगायत अन्य भैपरी खर्च समेत) | ४०० |
| ४५ | ३ नं वडा सञ्चालन खर्च (अतिथि सत्कार, खाना, मसलन्द तथा कार्यालय सामाग्री, वडा कार्यालयमा कार्यरत कर्मचारीको दैनिक भ्रमण भत्ता, वडाको सवारी साधन मर्मत खर्च, इन्धन खर्च, खाजा खर्च लगायत अन्य भैपरी खर्च समेत) | ४०० |
| ४६ | ४ नं वडा सञ्चालन खर्च (अतिथि सत्कार, खाना, मसलन्द तथा कार्यालय सामाग्री, वडा कार्यालयमा कार्यरत कर्मचारीको दैनिक भ्रमण भत्ता, वडाको सवारी साधन मर्मत खर्च, इन्धन खर्च, खाजा खर्च लगायत अन्य भैपरी खर्च समेत) | ४०० |
| ४७ | ५ नं वडा सञ्चालन खर्च (अतिथि सत्कार, खाना, मसलन्द तथा कार्यालय सामाग्री, वडा कार्यालयमा कार्यरत कर्मचारीको दैनिक भ्रमण भत्ता, वडाको सवारी साधन मर्मत खर्च, इन्धन खर्च, खाजा खर्च लगायत अन्य भैपरी खर्च समेत) | ४०० |
| ४८ | ६ नं वडा सञ्चालन खर्च (अतिथि सत्कार, खाना, मसलन्द तथा कार्यालय सामाग्री, वडा कार्यालयमा कार्यरत कर्मचारीको दैनिक भ्रमण भत्ता, वडाको सवारी साधन मर्मत खर्च, इन्धन खर्च, खाजा खर्च लगायत अन्य भैपरी खर्च समेत) | ४०० |
| ४९ | ७ नं वडा सञ्चालन खर्च (अतिथि सत्कार, खाना, मसलन्द तथा कार्यालय सामाग्री, वडा कार्यालयमा कार्यरत कर्मचारीको दैनिक भ्रमण भत्ता, वडाको सवारी साधन मर्मत खर्च, इन्धन खर्च, खाजा खर्च लगायत अन्य भैपरी खर्च समेत) | ४०० |
| ५० | ८ नं वडा सञ्चालन खर्च (अतिथि सत्कार, खाना, मसलन्द तथा कार्यालय सामाग्री, वडा कार्यालयमा कार्यरत कर्मचारीको दैनिक भ्रमण भत्ता, वडाको सवारी साधन मर्मत खर्च, इन्धन खर्च, खाजा खर्च लगायत अन्य भैपरी खर्च समेत) | ४०० |
| ५१ | ९ नं वडा सञ्चालन खर्च (अतिथि सत्कार, खाना, मसलन्द तथा कार्यालय सामाग्री, वडा कार्यालयमा कार्यरत कर्मचारीको दैनिक भ्रमण भत्ता, वडाको सवारी साधन मर्मत खर्च, इन्धन खर्च, खाजा खर्च लगायत अन्य भैपरी खर्च समेत) | ४०० |
| ५२ | पाठेघर खसेका महिलाहरुलाई शल्यक्रिया सहायता र रोकथाम कार्यक्रम | ६०० |
| ५३ | विभिन्न दिवसीय कार्यक्रम, तीज विशेष कार्यक्रम,लैङगिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम, बालदिवस, अपाङ्गता दिवस,नारी दिवस | १००० |
| ५४ | लैङ्गिक उतरदायी वजेट परीक्षण (GRB Audity) | १०० |
| ५५ | पालिका स्तरिय आमा समूह सञ्जाल परिचालन तथा क्षमता विकास कार्यक्रम | ३०० |
| ५६ | महिला स्वास्थ्यस्वंमसेविका प्रोत्साहन भुक्तानी | ११६५ |
| ५७ | निशुल्क आखा शिविर छनोट परिक्षण तथा मोतिविन्दु अप्रेशन शिविर सञ्चालन | ७०० |
| ५८ | कक्षा ८ र १० को नमुना प्रश्नपत्र निर्माण | ५०० |
| ५९ | स्वास्थ्य संस्थामा मेसिनरी खरिद | ६०० |

| | | |
|---|---|---|
| ६० | जैविक मल प्रवर्धन कार्यक्रम | ४०० |
| ६१ | कृषि अर्गानिक प्रमाणिकरण कार्यक्रम | ५०० |
| ६२ | कफि खेती प्रवर्द्धन कार्यक्रम | ४०० |
| ६३ | उद्यमीहरुका लागि उद्यमशीलता तालिम, सिप विकास तालिम तथा यन्त्र उपकरण वितरण | ५०० |
| ६४ | सहकारी संस्थाहरुमा कार्यगत कर्मचारीहरुका लागि COPOMIS तालिम | ३०० |
| ६५ | वालविकास सहजकर्ता र कर्मचारीलाई पालिकाबाट थप तलब भत्ता | ६००० |
| ६६ | कक्षा ८ र ५ को परिक्षा सञ्चालन विविध अनुगमन | ३०० |
| ६७ | प्र.अ भत्ता,बैठक,शिक्षा समिति बैठक भत्ता अनुगमन | २०० |
| ६८ | चम्पादेवी आ.वि., महभिर र चण्डेश्वरी मा.वि., माझगाउँ सर्माट बोर्ड खरिद | ३०० |
| ६९ | स्थानीय पाठ्यपुस्तक छपाई | ८०० |
| ७० | मातृभाषा शिक्षक तलब भत्ता र पोशाक भत्ता | ८८० |
| ७१ | ऐन, कार्यविधि पुनरावलोकन तथा छपाइ | ५०० |
| ७२ | सार्वजानिक सुनुवाइ कार्यक्रम | ४०० |
| ७३ | कृषि व्याज अनुदान | ६०० |
| ७४ | महिला नेतृत्व, उद्घोषण तथा भाषण कला तालिम | ७०० |
| ७५ | संगठन तथा व्यवस्थापन सर्वेक्षण | ५०० |
| ७६ | खिजीदेम्वा महिला तथा पुरुष खुल्ला फुटवल कप शिल्ड मेडल तथा पुरस्कार | ८०० |
| ७७ | पालिका गान संगित/रेकर्डिङ/गायक गायिका र वृत्तचित्र | ९०० |
| ७८ | पालिका भित्रका सबै सरकारी तथा गैरसरकारी संस्थाका साईनवोर्ड मातृ भाषामा लेखन | ४०० |
| ७९ | ७ वटै मा.वि.का विद्यार्थीहरुलाई वक्तृत्व कला पालिका भित्रको कानुनी सचेतना कार्यक्रम | २५० |
| ८० | ७ वटै मा.वि.मा संगित तथा खेल प्रशिक्षण | ५०० |
| ८१ | खिजीदेम्वा साइक्लिङ्ग म्याराथुन कार्यक्रम | ७०० |
| ८२ | नेपाल आदिवासी जनजाती महासँघ खिजीदेम्वा ३ दिने सांस्कृतिक महोत्सव | १२०० |
| ८३ | खिजीफलाटे आधारभुत अस्पताल सञ्चालन कोष | १००० |
| ८४ | शैक्षिक क्यालेण्डर छपाई | २५० |
| ८५ | मनोपरामर्श, कानुनी सहायता, मोटिभेसन तालिम | ७०० |
| ८६ | मागमा आधारित तालिम सञ्चालन | ९०० |
| ८७ | शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रमका शिक्षकहरुको नपुग तलब दायित्व भुक्तानी | १२५५ |
| ८८ | दिवा खाजा कार्यक्रम | २५०० |
| ८९ | शिक्षक तालिम साझेदारी Calls Overs Ridges | ५०० |
| ९० | गाउँपालिका स्तरीय भलिवल कार्यक्रम | ८०० |
| ९१ | स्वास्थ्य बीमा सहुलियत कार्यक्रम | ८०० |
| ९२ | बारुण यन्त्र भन्सार महसुल कर भुक्तानी | ५०० |
| ९३ | टोल विकास संस्था नागरिक समाज वडा सदस्यहरुलाई ऐन तथा बजेट निर्माण सम्बन्धि प्रशिक्षण | ५०० |
| | **संघीय सरकारबाट हस्तान्तरीत कार्यक्रमहरु (ससर्त तर्फ)** | |
| १ | स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव, महगी भत्ता र पोषाक भत्ता | २५४०० |
| २ | कृषि स्नातक करार | ५०० |
| ३ | उद्यम विकास सहजकर्ताहरुको पारिश्रमिक (एकमुष्ट) | ४५४ |

खिजीदेम्वा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खिजीफलाटे, ओखलढुंगा कोशी प्रदेश, नेपाल स्था: २०७३

Gambu Sherpa
Chairperson

| | | |
|---|---|---|
| ४ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) | ७८४०० |
| ५ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | १९३०० |
| ६ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | [illegible]१८३ |
| ७ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | ८०२४ |
| ८ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | २४१३ |
| ९ | शिखर्पु झो.पु.वडा १ रगनी लिखु खोला, तल्लो सिमखोला झो.पु. वडा ८ भुसिंगा | ६०० |
| १० | स्यागु खोला सिँचाइ आयोजना | ७१४ |
| ११ | स्यागु खोला सिँचाइ आयोजना | ४७५ |
| १२ | साल्मे खोला सिँचाइ आयोजना | ७२५ |
| १३ | साल्मे खोला सिँचाइ आयोजना | १०८६ |
| १४ | कोल्डस्टोर निर्माण सहयोग कार्यक्रम | ३००० |
| १५ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | १८३ |
| १६ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | ३६९ |
| १७ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | १२२१ |
| १८ | कृषि तथा पशु सेवाका एक गाँउ एक प्राविधिकहरुको तलव भत्ता | ३६५ |
| १९ | स्थानीय तहका MIS Operator को लागत साझेदारी अन्तर्गत संघीय सरकारले व्यहोर्ने ७ महिनाको पारिश्रमिक बापतको रकम (बाँकी ६ महिनाको सम्बन्धित स्थानीय तहले व्यहोर्ने) | २४९ |
| २० | स्थानीय तहका फिल्ड सहायकको लागत साझेदारी अन्तर्गत संघीय सरकारले व्यहोर्ने ७ महिनाको पारिश्रमिक बापतको रकम (बाँकी ६ महिनाको सम्बन्धित स्थानीय तहले व्यहोर्ने) | २३१ |
| २१ | एम.आई.एस.अपरेटर र फिल्ड सहायक पोशाक भत्ता | २० |
| २२ | रोजगार संयोजकको तलव | ५६८ |
| २३ | रोजगार संयोजकको पोसाक | १० |
| २४ | सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रबिधि हस्तान्तरण | १४० |
| २५ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम उद्यमीको स्तरोन्नती (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम) | ७० |
| २६ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | ३३६ |
| २७ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ९४८ |
| २८ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ३१४१ |
| २९ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ४६९ |
| ३० | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | १८४० |
| ३१ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | २७५ |
| ३२ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ५५५ |

Gambu Sherpa

| | | |
|---|---|---|
| ३३ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | ९३० |
| ३४ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | २८१ |
| ३५ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | १३९ |
| ३६ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | २५८ |
| ३७ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ५२० |
| ३८ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | १७२२ |
| ३९ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | १४२ |
| ४० | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | ७० |
| ४१ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | ४७१ |
| ४२ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | ९७ |
| ४३ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | १९५ |
| ४४ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | ६४५ |
| ४५ | विपन्न लक्षित छात्रवृत्तिकालागि छनौट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | ४० |
| ४६ | विपन्न लक्षित छात्रवृत्तिकालागि छनौट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | २६९ |
| ४७ | विपन्न लक्षित छात्रवृत्तिकालागि छनौट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | ८१ |
| ४८ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ५९५ |
| ४९ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | १२०२ |
| ५० | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ३९८३ |
| ५१ | आधारमुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ७६८ |
| ५२ | आधारमुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ३८० |
| ५३ | आधारमुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | २५४४ |
| ५४ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | १०९४ |
| ५५ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | ३३१ |
| ५६ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | १६४ |
| ५७ | आ.व. २०८१/८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरता | ६०० |
| ५८ | किसान सूचीकरण कार्यक्रम | २०० |
| ५९ | कृषि, पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम | ३५ |
| ६० | पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन | ३०० |
| ६१ | याक चौरी प्रवर्द्धन कार्यक्रम | ६५० |

| | | |
|---|---|---|
| ६२ | पशुपन्छिमा महामारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रम | ५० |
| ६३ | प्रजनन् रुग्णता स्वास्थ्य सेवा | १५० |
| ६४ | परिवार योजना सेवा | ६५ |
| ६५ | किशोरकिशोरी स्वास्थ्य सेवा | ९३ |
| ६६ | पोषण कार्यक्रम | ४९८ |
| ६७ | स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम | ८०० |
| ६८ | स्थानिय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम सन्चालन | १२५२ |
| ६९ | राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (पोसाक प्रोत्साहन र यातायात खर्च) | १७०० |
| ७० | नियमित तथ्याङ्कको गुणस्तर वृद्धिका लागि स्वास्थ्य संस्थाहरूको मासिक बैठक, डाटा भेरिफिकेशन तथा भ्यालिडेशन एवम् अर्धवार्षिक र वार्षिक समिक्षा | २०० |
| ७१ | स्थानीय तहको साझेदारीमा नियमित खोप सुदृढीकरण, नियमित खोपमा विद्यालय केन्द्रित खोप अभियान सञ्चालन, सरसफाई प्रवर्द्धन कार्यक्रम निरन्तरता, खोपबाट बचाउन सकिने रोगहरूको खोजपड्ताल तथा निगरानी, पूर्ण खोप सुनिश्चतता र दिगोपनाका लागि व्यवस्थापन खर्च | ७४२ |
| ७२ | CBIMNCI कार्यक्रम (कार्यक्रम समिक्षा, स्थलगत अनुशिक्षण) | १०० |
| ७३ | आकस्मिक अवस्थामा औसधि एवं ल्याब सामाग्री ढुवानी र स्थलगत अनुशिक्षण तथा सुपरिवेक्षण तथा क्षयरोग कार्यक्रमको योजना तर्जुमा तथा कोहर्ट विश्लेषण | ९५ |
| ७४ | क्षयरोगका जोखिम समुह तथा स्वास्थ सेवाको पहुच कम भएका समुदायमा सकृय क्षयरोग खोजपडताल कार्यक्रम र पि.बि.सि बिरामीका घरपरिवारका सदस्यहरूको सम्पर्क परिक्षण | १०५ |
| ७५ | नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन तथा अभियान | ५०० |
| ७६ | म स्वास्थ्य मेरो सामुदाय स्वास्थ्य घरटोलमा स्वास्थ्य प्रवर्धन कार्यक्रम | ४६० |
| ७७ | मानसिक स्वास्थ्य प्रवर्धन तथा आत्माहत्या रोकथाम सम्बन्धि जनचेतना कार्यक्रम | ५० |
| ७८ | समुदाय स्तरमा नसर्ने रोग सम्बन्धि स्किनिङ्ग (फागुन महिना) तथा जनचेतना कार्यक्रम सञ्चालन | १५० |
| ७९ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | १०७४ |
| ८० | स्वास्थ्य चौकी (आधारभुत स्वास्थ्य सेवा केन्द्र) को न्युनतम सेवा मापदण्ड कार्यक्रम ( अभिमुखीकरण, समिक्षा, फलो अप , अनुगमन तथा सुदृधिकरण समेत ) | १२६ |
| ८१ | रोजगार सेवा केन्द्र सञ्चालन खर्च (मसलन्द, अनुगमन/ईन्धन, रोजगारीमा खटिनु पूर्व अभिमुखिकरण, अन्य विविध खर्च) | १०० |
| ८२ | आन्तरीक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उध्यमशिलता प्रवर्द्धन कार्यक्रम | १०० |
| ८३ | रोजगार आयोजना सञ्चालनको लागि ज्याला रकम (क्रियाकलाप कार्यान्वयनको लागि स्थानीय तहले कम्तीमा शतप्रतिशत रकम साझेदारी गर्नुपर्नेछ।) | ३१७२ |
| ८४ | सबै जिल्लाका कम्तीमा २ स्थानीय तह रहने गरी मानव विकास सुचकाँकमा पछाडी परेका जम्मा १११ स्थानीय तहमा जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन | ९०० |
| ८५ | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन | २५ |
| ८६ | रोजगार संवाद मञ्चको सञ्चालन | २५ |
| ८७ | मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यासर रोगी र मेरूदण्ड पक्षघातका विरामीहरूलाई औषधि उपचार खर्च बापत मासिक रु ५ हजार दरले उपलब्ध गराइने रकम | ५४० |
| ८८ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | ९५ |
| ८९ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | ३११६ |
| ९० | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | ४७ |

| | | |
|---|---|---|
| | **प्रदेश सरकार बाट हस्तान्तरित कार्यक्रम** | |
| १ | पशु स्वास्थ्य कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | १२५ |
| २ | स्यागु खोला सिंचाई आयोजना | ४७६ |
| ३ | साल्मे खोला सिंचाई आयोजना | ७१३ |
| ४ | शिवालय मा.वि. खिजीदेम्वा ९ समायोजन भएका विद्यालय प्रोत्साहन अनुदान | ५०० |
| ५ | अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम | १३७४ |
| ६ | पसी शेर्पा खेलमैदान निर्माण | ५०० |
| ७ | रगनी चण्डेश्वरी क्याम्पस रगनीलाई अनुदान | ३०० |
| | **वित्तिय समानिकरण अन्तर्गतका योजनाहरु** | |
| १ | गाउँपालिका प्रशासकीय भवन साझेदारी | २००० |
| २ | प्रधानमन्त्री रोजगार कार्यक्रम साझेदारी | ३१७२ |
| ३ | साना सिंचाई कार्यक्रम साझेदारी | ११८९ |
| ४ | पर्यटन बोर्ड (गुम्बा निर्माण) साझेदारी | १२५० |
| ५ | सेफ हाउस सञ्चालन अनुदान | २०० |
| ६ | लाम्जे बौद्ध गुम्बा दायित्व भुक्तानी | ३७५ |
| ७ | औषधी खरिद तथा ढुवानी | २००० |
| ८ | मानसिक रोगको औषधी खरिद तथा ढुवानी | ४०० |
| ९ | पशु औषधी खरिद तथा ढुवानी | ५०० |
| १० | जैबिक बिषादी खरिद तथा ढुवानी | ५०० |
| ११ | लागत साझेदारीमा कृषि यान्त्रीकरण वितरण | १००० |
| १२ | आयुर्वेदिक औषधि खरिद | २०० |
| १३ | योजना व्यवस्थापन तथा सुचना प्रणाली | ५०० |
| १४ | गाउँपालिका प्रशासकीय भवन माथिल्लो तला फर्निचर व्यवस्थापन | १००० |
| १५ | फर्निचर फिक्चर्स | ५०० |
| १६ | गाउँपालिका प्रशासकीय भवन रङरोगन | ५०० |
| १७ | कवर्ड हल शौचालय तथा बाथरुम साथै पार्किङ निर्माण | १५०० |
| १८ | भैपरी आउने कार्यक्रमको लागि साझेदारी | ५०० |
| १९ | कृषि बिउबिजन खरिद वितरण | ५०० |
| २० | कोलगैरा बस्नेत कुल पुजा मन्दिर, खिजीदेम्बा ७ | २५० |
| २१ | चिलिम डाँडा गुम्बा जाने बाटो निर्माण | २०० |
| २२ | मेसिनरी औजार खरिद | १००० |
| २३ | तित्का थिडथिङ सडक खिजीदेम्बा-९ | ६०० |
| २४ | साल्मे सिरीवानी हुँदै ६ नं. वडा जोड्ने सडक | १५०० |
| २५ | बिसाउने डाँडा महभिर लट्टेवारी सडक निर्माण | ५०० |
| २६ | बलटोल बुलुडाँडा हुँदै त्वासिङा गैरो सडक, खिजीदेम्बा-५ र २ | ५०० |
| २७ | टाँगा चुली किल्खोरदिङ गुम्वा हुँदै ताउर माने सडक स्तरोन्नती, खिजीदेम्बा -८ र ९ | ७०० |
| २८ | पुलै,चरुवा,बेजारे, चण्डीथान सडक सोलिङ तथा ग्याविन निर्माण | ५०० |
| २९ | बौद्ध,जलजले सेलेले हुँदै नस्पु सडक स्तरोन्नती | ५०० |
| ३० | सुँगुरे खोला कजवे तथा ढलान पुल लिखुपिके गा.पा. र खिजीदेम्वा - ८ को साझेदारी | ४०० |
| ३१ | सिम्पानी हलेसी नयाँ सडक निर्माण | २५० |
| ३२ | देगेलिङ छोलिङ गुम्वा, चुप्लुङ खिजीदेम्वा - ५ प्लाष्टर | ५०० |
| ३३ | खुन्दुर्के गुम्वा किचेन घर निर्माण | ३०० |
| ३४ | श्री फुलमती मन्दिर निर्माण, पोखरे खिजीदेम्बा-२ | ३०० |
| ३५ | ८ वटा स्वास्थ्य रेस्क्यु हेलीप्याड निर्माण | १००० |
| ३६ | रक क्लाइम्बिङ निर्माण साथै लिफ्टिङ पोइन्ट र शौचालय निर्माण सहित रुटको लकबुक निर्माण | १६०० |
| ३७ | बोझेटार खेलमैदान तथा शौचालय र धारा निर्माण | ८०० |

| | | |
|---|---|---|
| ३८ | पालिका भरिको ४ वटा चर्चलाई फर्निचर व्यवस्थापन | ४०० |
| ३९ | दोलु बस्नेत कुल पुजा मन्दिर, खिजीदेम्बा ७ | २५० |
| ४० | चिलिम डाँडा चिया प्रशोधन भवन निर्माण | ५०० |
| ४१ | बोझेटार माने पुनौती सडक सोलिङ तथा ग्याविन निर्माण | ५०० |
| ४२ | भुसिंगा गुम्वा प्लास्टर तथा परिसर निर्माण | ३५० |
| ४३ | रगनी खानेपानी तथा सरसफाइ समिति खिजीदेम्बा-२ | २५० |
| ४४ | ठाडाघर कुल पुजा मन्दिर, खिजीदेम्बा ७ | २५० |
| ४५ | २ ओटा श्याँदर थान ग्याविन तथा रङ रोगन खिजीदेम्बा १ | २०० |
| ४६ | देलाङ साल्मे छेर्मादिङ सडक निर्माण | ६०० |
| ४७ | ब्याकल्होडर मेसिन खरिद | ५५०० |
| ४८ | पञ्चबुद्ध ज्याङछ्युव छोर्तेन किचेन घर निर्माण | ७०० |
| ४९ | साल्पु कृष्ण मन्दिर देखि २ तर्फ रक क्लाइम्बिङ जाने सिढि निर्माण | ४०० |
| ५० | जनता आवि तार घेराबार | ३०० |
| ५१ | पिके आवि तार घेराबार | ३०० |
| ५२ | लाम्पाते बस्नेत कुल पुजा मन्दिर, खिजीदेम्बा ७ | २५० |
| ५३ | माथिल्लो लाम्पाते बस्नेत कुल पुजा मन्दिर, खिजीदेम्बा ७ | २५० |
| ५४ | इलाम धारा महादेव मन्दिर पहिरो रोकथाम तथा परिसर निर्माण, खिजीदेम्बा १ | २५० |
| ५५ | रिपाल गुम्बा म्याचिङ शौचालय किचेन घर निर्माण | ७०० |
| ५६ | डुडुब छोलिङ बौद्ध गुम्बा प्लास्टर, गौम्जुर र रंग रोगन | ५०० |
| ५७ | कोशेली घर फर्निचर व्यवस्थापन | ५०० |
| ५८ | गल्फ खेल सञ्चालन तथा मैदान सरसफाइ | ६०० |
| ५९ | तल्लो लाम्पाते बस्नेत कुल पुजा  मन्दिर | २५० |
| ६० | रावा पुलिका सडक स्तरोन्नति | ४०० |
| ६१ | सेवा र परामर्श खर्च | १४०२ |
| ६२ | आमा समुह सन्जाल भवन ढलान, तार घेराबार तथा मन्दिर ढोका निर्माण, खिजीदेम्बा-७ | ४०० |
| ६३ | पोल्थली देखि वडा कार्यालय सडक, खिजीदेम्बा-२ | १३०० |
| ६४ | शिव मन्दिर पाटेरु डोगारु सडक, खिजीदेम्बा-३ | ६०० |
| ६५ | बुक्तेल टावर डाँडा सडक, खिजीदेम्बा-७ | १३०० |
| ६६ | चण्डेश्वरी मा वि, पोल्थली वायरिङ्ग | १७२ |
| ६७ | गैरागाउँ तोस्की चण्डीथान सडक | ५०० |
| ६८ | तोलु गुम्बा देखि खुन्दुके सडक स्तरोन्नति खिजीदेम्बा-९ | ४०० |
| ६९ | जिराबारी सिस्दिङ नयाँ सडक, खिजीदेम्बा-७ | ५०० |
| ७० | हाते सिरवानी नयाँ सडक, खिजीदेम्बा-६ | ४०० |
| ७१ | गुम्बा बारी पुष्पाते सडक स्तरोन्नती  खिजीदेम्बा-४ | ४०० |
| ७२ | कुण्डली मावि चारकोठे भवन निर्माण | ६०० |
| ७३ | गाउँपालिकास्तरी सडक स्तरोन्नति | ८०० |
| ७४ | कनि गुम्बा चित्रकला रङरोगन प्राणप्रतिष्ठान | ४०० |
| ७५ | पोल्थली शिव मन्दिर निर्माण | ३०० |
| ७६ | शिवालय मावि छेर्मादिङ होस्टेल व्यवस्थापन सहयोग | ७०० |
| ७७ | कार्यसम्पादन मुल्याङ्कनको आधारमा उत्कृष्ट विद्यालयहरुलाई पुरस्कार वितरण दायित्व भुक्तानी | १०० |
| ७८ | खिजीदेम्वा सामुदायिक सभाहल तथा कवर्ड हल निर्माण दायित्व भुक्तानी | ६२७ |

Gambu Sherpa
Chairperson

| | | |
|---|---|---|
| ७९ | पाल्लेखर्क चर्नालु चुलीकासी सडक स्तरोन्नती दायित्व भुक्तानी | १२२ |
| ८० | साझावारी चण्डीथान चुली महभिर मोलुङ गा पा जोड्ने सडक स्तरोन्नती आ.ब.२०८०/०८१ दायित्व भुक्तानी | २५५ |
| ८१ | साझावारी चण्डीथान चुली महभिर मोलुङ गा पा जोड्ने सडक स्तरोन्नती आ.ब.२०८१/०८२ दायित्व भुक्तानी | १७२ |
| ८२ | शिवालय मावि छेर्मादिङ खेल मैदान निर्माण दायित्व भुक्तानी | २५० |
| ८३ | बाखा पालन कृषकहरुको लागि चरिचरण क्षेत्र लिज जग्गा व्यवस्थापन दायित्व भुक्तानी | ५० |
| ८४ | नौ वटै वडाभित्रका स्वास्थ्य संस्था सञ्चालन खर्च | ४०० |
| | वडा नं १ | |
| १ | होल्पु सेल्पु सडक स्तरोन्नती | ३०० |
| २ | तिनपुरी टोल वर्षा भल नियन्त्रण | २०० |
| ३ | स्वास्थ्य चौकी पार्टेशन | १०० |
| ४ | खानेपानी आयोजना मर्मत तथा सम्भार | ३०० |
| ५ | कफी तथा फलफुल विरुवा खरिद तथा वितरण | ३०० |
| ६ | चुली आ.वि.मन्दिर निर्माण | १०० |
| ७ | नर्मदेश्वर मा.वि.शौचालय मर्मत किचन सामग्री खरिद | १५० |
| ८ | भतेरे चौतारा सुर्केनागी सडक स्तरोन्नती | २५० |
| ९ | काभ्रे साङ्गे छोलिङ् गुम्वा निर्माण मर्मत तथा व्यवस्थापन | ३०० |
| १० | तिनपुरी काभ्रे लिखु गा.पा जोड्ने सडक स्तरोन्नती | ३५० |
| ११ | चप्लेटी मोड् तथा गैरावरी सडक स्तरोन्नती | २५० |
| १२ | डाँडा गाँउ तिनपुरी सडक स्तरोन्नती | ३०० |
| १३ | युवा तथा खेलकुद व्यवस्थापन | १०० |
| | वडा नं २ | |
| १ | आमा समूह सञ्चालन फर्निचर व्यवस्थापन | १०० |
| २ | आधारभूत स्वास्थ्य सेवा केन्द्र सस्नालु ट्रस्ट निर्माण | ४०० |
| ३ | खेलकुद तथा सहभागित कार्यक्रम | १०० |
| ४ | मिलिजुली अपाङ्गता समिति क्षमता अभिवृद्धि | ५० |
| ५ | ज्यावला खाँडादेवी सडक निर्माण | ३०० |
| ६ | मुलनागी मानेडाडा खराने सडक स्तरोन्नती | ३०० |
| ७ | दुदू थालडाँडा फेताले सडक स्तरोन्नती | ३०० |
| ८ | बौद्ध विलगैरा डिल सडक सोलिङ | २५० |
| ९ | बौद्ध सहकारी डिल सडक सोलिङ | २०० |
| १० | नस्पु कुलिङ डिल धाप सडक स्तरोन्नती | २०० |
| ११ | सेतीदेवी मन्दिर व्यवस्थापन | ७५ |

Gambu Sherpa
Chairperson

| | | |
|---|---|---|
| १२ | दुदू खड्काटोल सडक निर्माण | २०० |
| १३ | बन्चरे देवीथान व्यवस्थापन | २५ |
| १४ | चिलिमडाँडाँ चियाखेती व्यवस्थापन | १०० |
| १५ | आरुबोटे कात्तिके खानेपानी व्यवस्थापन | १०० |
| १६ | कुन्तादेवी गुफा व्यवस्थापन | १०० |
| १७ | दलित सस्कृति प्रवर्द्धन कार्यक्रम | १०० |
| १८ | वडा कार्यालय स्टेपलाईजर,साउन्ड सिस्टम तथा पावर ब्याक खरिद तथा जडान | १०० |
| | वडा नं ३ | |
| १ | खानेपानी पाईप डाँडाँगाउँ र सेनी सिंचाई पाइप खरिद | २५० |
| २ | चण्डेश्वरी मा.वि.देखि पाटुली टोल गोरेटो बाटो मर्मत | १३० |
| ३ | वलपते सेर्तेपानी खिमडाँडा र मस्रु पोखरी साथै हलेसी गिलुवा कृषि सडक ग्रामिण कृषि सडक | ८०० |
| ४ | खिजीदेम्वा महिला तथा पुरुष कप फुटबल प्रतियोगिता व्यवस्थापन | ३०० |
| ५ | माझगाउँ गुरिप बाँसबोट सडक मर्मत साथै ठेगुवा सडक सरसफाई | २५० |
| ६ | मानेखोला सिंचाई मर्मत | १५० |
| ७ | चण्डेश्वरी खेल मैदान मर्मत | २५० |
| ८ | लघुउद्धमी साझा सुबिधा केन्द्रमा शौचालय निर्माण | ८० |
| ९ | चण्डेश्वरी मा.वि.माझगाउँमा फलामे गेट निर्माण | ७० |
| १० | चण्डीथान मर्मत तथा व्यवस्थापन | ३०० |
| ११ | फलफुल तथा तरकारीको बिरुवा तथा विउ बितरण | १०० |
| १२ | योगा कक्षा सञ्चालन व्यवस्थापन | ५० |
| १३ | वडा स्तरिय खेलकुद प्रतियोगितामा सहभागिता | १५० |
| १४ | खानेपानी धारा निर्माण | १७० |
| १५ | अपाङ्गता तथा महिला दिवसीय कार्यक्रम | ५० |
| | वडा नं ४ | |
| १ | घ्याङ चण्डीथान तारघेराबार निर्माण योजना | १०० |
| २ | डिगर्पु घ्यादरथान मर्मत योजना | २०० |
| ३ | बेथ्लेहेम मण्डली भवन मर्मत योजना | १५० |
| ४ | चर्नालु स्कुल यरिया ढल निकास निर्माण योजना | १५० |
| ५ | युवा तथा खेलकुद कार्यक्रम | ३०० |
| ६ | थोचेदिम तिस्पु खानेपानी मर्मत योजना | २०० |
| ७ | ज्यादिम लोसा खानेपानी मर्मत योजना | २०० |
| ८ | स्वास्थ्यमा चौकी ल्याप्टप खरिद | १०० |
| ९ | दलित समुदायलाई व्याल्डिङ मेसिन खरिद | ५० |
| १० | गङ्गलु सिमलडाडा सडक मर्मत योजना | २०० |
| ११ | चर्नालु माइक्रोहाइड्रो मर्मत योजना | १०० |
| १२ | गोर्पा खोला पाइप खरिद योजना | १०० |
| १३ | पुष्पतेखोला कपुरघर निर्माण योजना | २०० |
| १४ | महिला भवन चर्पी निर्माण योजना | १०० |
| १५ | वडा कार्यालय यरिया सोलिङ तथा वाल निर्माण योजना | ४०० |
| १६ | सडक स्तर उन्नती योजना | ४५० |
| | वडा नं ५ | |

| | | |
|---|---|---|
| १ | साम्तेन छोलिङ गुम्वा विकास समिति | २०० |
| २ | जनज्योती आधारभूत विद्यालय सरस्वति मन्दिर निर्माण | ३०० |
| ३ | थामथोले आधारभूत विद्यालय तार घेराबार | २०० |
| ४ | बेले खानेपानी निर्माण योजना | २०० |
| ५ | ठोसेले खानेपानी मर्मत योजना | १०० |
| ६ | डोगारु खानेपानी मर्मत योजना | २०० |
| ७ | ५ नं.वडा खानेपानी मर्मत योजना | १५० |
| ८ | गर्सेठेम लाकाठेम सडक निर्माण योजना | २०० |
| ९ | जनजाति सामुदायिक वन शौचालय निर्माण योजना | १०० |
| १० | स्योँदर थान ट्रष्ट निर्माण | ४०० |
| ११ | खेलकुद कार्यक्रम | २०० |
| १२ | इलाका प्रशासन कार्यालय जाने पैदल मार्ग मर्मत योजना | २०० |
| १३ | पर्से सडक मर्मत योजना | २०० |
| १४ | वडा स्तरीय नेवा समुदाय साँस्कृतिक बाजा खरिद योजना | १०० |
| १५ | दोव्रे भञ्याङ्ग पाटी सडक मर्मत योजना | २५० |
| | वडा नं ६ | |
| १ | कोठेपुल निर्माण | १०० |
| २ | गुरासेफदी साल्मे सडक निर्माण | ५०० |
| ३ | दुव्लेली मिलिजुली खानेपानी मर्मत | १०० |
| ४ | हम्तीढुङ्गा कातिकेखर्क सडक निर्माण | ३०० |
| ५ | साल्मे खानेपानी मर्मत | १०० |
| ६ | आदिवासी जनजाती संस्कृतिक संरक्षण | १०० |
| ७ | बिस्टालुङ नोसी सडक निर्माण | ३०० |
| ८ | तालखर्क मजुवा सडक निर्माण | २०० |
| ९ | दुव्ले गुम्वा फर्निचर निर्माण | २०० |
| १० | महादेवथान पथमार्ग निर्माण | १०० |
| ११ | बिभिन्न ठाउँहरुमा नवीकरणीय पोखरी निर्माण | १०० |
| १२ | आमा समूहहरुलाई थाल भाँडा खरिद | १०० |
| १३ | ओखरबोट मोलुङ सडक पहिरो व्यवस्थापन | १०० |
| १४ | लट्टेवारी विकास युवा क्लव भवन निर्माण | ४०० |
| १५ | नयाँवन वाक्लेखर्क सडक निर्माण | ३०० |
| | वडा नं ७ | |
| १ | ज्याङदिङ पानी घटा मर्मत | ८० |
| २ | हिमालया आ.वि.भवन मर्मत | १५० |
| ३ | थाम गोरेटो बाटो मर्मत | १०० |
| ४ | धमिनि डाँडा सिचाई निर्माण | १४० |
| ५ | हरियो खानेपानी मर्मत | १०० |
| ६ | रञ्जना आ.वि.शौचालय स्वास्थ्य चौकी गेट मर्मत र कक्षा कोठा व्यवस्थापन | १३० |
| ७ | फलफुलको विरुवा तथा तरकारी बिउ वितरण | २०० |
| ८ | हिमगंगा मा.वि.भवन मर्मत तथा चमेना गृह व्यवस्थापन | ३०० |
| ९ | थालपानी चैतेखर्क भुमेथान खानेपानी मर्मत | २५० |

| | | |
|---|---|---|
| १० | ठाडाघर दोलु रोड सोलिङ | ३५० |
| ११ | विद्यालयमा स्टेशनरी वितरण कार्यक्रम | २५० |
| १२ | वडा कार्यालय तथा विद्यालय उदघाटन तथा सम्मान कार्यक्रम | १४० |
| १३ | वडा नं.७ का सबै सडक सरसफाई | ५०० |
| १४ | युवा तथा खेलकुद | २५० |
| १५ | टेक डाँडा देवीथान मन्दिर मर्मत | ६० |
| | वडा नं ८ | |
| १ | भुसिंगा आ.वि.पिके फर्निचर निर्माण | १०० |
| २ | विद्यार्थीहरुलाई स्टेशनरी वितरण | १०० |
| ३ | नयाँ वडा कार्यालय प्राङगन निर्माण | ४८० |
| ४ | स्वास्थ्य चौकी व्यवस्थापन | १५० |
| ५ | किलखोरर्दिङ गुम्वा खानेपानी मर्मत | ३०० |
| ६ | स्याब्रु नृत्य तालिम कार्यक्रम | १०० |
| ७ | छेउघर पुलिका खानेपानी निर्माण | ३०० |
| ८ | भुसिंगा खोला ल.ज.वि.व्यवस्थापन | १०० |
| ९ | सेती देवी मन्दिर निर्माण | १०० |
| १० | सामुदायिक भवन शौचालय मर्मत काचपु | १०० |
| ११ | चुलिनि मानेडाँडा र कासी खोला लहरे माने मर्मत | ३०० |
| १२ | कुल मन्दिर तार घेराबार,रावा | ७० |
| १३ | भुसिंगा सडक मर्मत योजना | ४०० |
| १४ | खेलकुद कार्यक्रम | १०० |
| १५ | सामुदायिक स्वस्थ्य सेवा केन्द्र व्यवस्थापन | १०० |
| १६ | रावा टायल गोरेटो बाटो मर्मत | ५० |
| १७ | शिव मन्दिर मर्मत काचपु | ५० |
| १८ | सामुदायिक भवन मर्मत चुली | १०० |
| | वडा नं ९ | |
| १ | ताउर थिङ थिङ खानेपानी | ५० |
| २ | रिपाल माथिल्लो टोल सडक निर्माण | २५० |
| ३ | दोराखर्क तल्लोटोल हुँदै वम्दाक सडक निर्माण | ३०० |
| ४ | जनता आ.वि.विद्यालय फर्निचर निर्माण | ३५० |
| ५ | पिके फाप्रे आ.वि.Fiber Play Station निर्माण | २५० |
| ६ | शिवालय मा.वि.भवन निर्माण | ४०० |
| ७ | वडा कार्यालय माथि सडक निर्माण | २०० |
| ८ | फाप्रे फेदी हुँदै भिरकुने सडक निर्माण | ३०० |
| ९ | बौद्ध मुनि ग्रेड डाउन तथा निर्माण | १०० |
| १० | मैदाने हुँदै ताउर,फाप्रे छेर्मादिङ सडक स्तरोन्नती | १५० |
| ११ | लट्टेवारी सडक निर्माण तथा स्तरोन्नती | २५० |
| १२ | वडा प्रयोजनका लागि मोटर बाईक खरिद | ४०० |
| | संघीय समपुरक अनुदान अन्तर्गका कार्यक्रम | |
| १ | कोशी प्रदेशको खिजीदेम्वा गापा ओखलढुंगादेखि बागमती प्रदेशको उमाकुण्ड गापा हुँदै सोलुखुम्बु जिल्लाको लिखु पिके गाउँपालिका जोड्ने सडक | ६२०० |

खिजीदेम्बा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

| | | |
|---|---|---|
| | प्रदेश समपुरक अनुदान अन्तर्गका कार्यक्रम | |
| १ | साझावारी चण्डिथान चुलि महभिर मोलुङ गापा जोड्ने सडक स्तरोन्नती | १२००० |
| २ | धारापानी ताउर छेमीदिङ्ग झाप्रे टुक्सिन्दोक सडक स्तरोन्नती | ७३०० |
| | संघीय विशेष अनुदान अन्तर्गका कार्यक्रम | |
| १ | दलित तथा आर्थिक सामाजिक रुपले पिछडिएको समुदाय लक्षित तोङमार खर्क खानेपानी योजना खिजीदेम्बा-५ | ६९०० |

खिजीदेम्बा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था. २०७३
Gambu Sherpa
Chairperson